मा. विष्णु प्रसाद प्रसाई
प्रदेश प्रमुख

# नेपाल सरकार

प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

## शुभकामना सन्देश

नेपालीहरुको महान चाड बडादशैं / बिजया दशमी, शुभ दिपावली, नेपाल सम्वत ११४१ तथा छठ पर्व २०७७ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका बागमती प्रदेश वासी एवं समस्त नेपाली दाजुभाइ तथा दिदिबहिनीहरुमा सुख, शान्ती, समृद्दि, सुस्वास्थ्य, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना ब्यक्त गर्दछु ।

सदियौं देखी हर्षोल्लास पूर्वक मनाउने गरिएका हाम्रा विभिन्न चाडपर्वहरुले भौगोलिक, सांस्कृतिक र भाषिक विविधताबीच रहेको मौलिक, सांस्कृतिक एकता र आपसी मेलमिलाप भातृत्व, सामाजिक सद्भाव र सहिष्णुता अझ सुदृढ बन्ने कुरामा बिश्वस्त छु ।

कोरोना भाइरस (कोभिड १९) ले बिश्व नै आक्रान्त पारिरहेको यस बिषम परिस्थितीसँग हामी पनि जुझिरहेका छौं । सँघारमा आइपुगेका चाडपर्व मनाउंदा निकै सावधानी एवं सजगता अपनाउनु अपरिहार्य भएको छ । हाम्रो सानो लापरवाहिले परिवार समुदाय नै ठुलो जोखिममा पर्न सक्दछ । तसर्थ, यि उल्लासमय पर्वहरु सानो पारिवारीक घेराभित्र सिमित राखी आशिर्वाद ग्रहण एवं पारिवारीक भेटघाट र पुनर्मिलनमा प्रविधीको प्रयोग गर्न आह्वान गर्न चाहन्छु ।

अन्तत: बडा दशैं / बिजया दशमी, शुभ दिपावली, नेपाल सम्वत ११४१ तथा छठ पर्व २०७७ ले हाम्रो भौगोलिक, साँस्कृतिक एवं सामाजिक बिबिधता भित्रको एकतालाई अझ सुदृढ पार्दै पारस्परिक सहयोग, सद्भाव सहित समृद्द सु-संस्कृत समाज निर्माणमा सहयोग पुगोस । कोरोना कहरबाट सबैलाई मुक्ती मिलोस भन्ने कामना सहित "सर्वे भवन्तु सुखिन सर्वे सन्तु निरामया सर्वे भद्राणी पश्यन्तु मा कश्चिद दुख भागजन"।

**धन्यवाद !**

**मिति: २०७७ कार्तिक ६ गते बिहिबार ।**

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

**विष्णु प्रसाद प्रसाई**
**प्रदेश प्रमुख**
**बागमती प्रदेश**